आज मिति २०८२ असोज २४ गते शुक्रबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालु आ.व. २०८२/०८३ को पाँचौ गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

## उपस्थिति:

| क. सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री डवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३. | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४. | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५. | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६. | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७. | श्री डिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८. | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | शोभा |
| १०. | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११. | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२. | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३. | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री अग्नी प्रसाद पराजुली | सचिव | |
| १५. | श्री रवि कुलुङ | क.अ. | |

**प्रस्तावहरु**

१. खुल्ला भलिबल प्रतियोगिता संचालन सम्बन्धमा।
२. सडक मर्मत तथा सरसफाई म्याद थप सम्बन्धमा।
३. पशु विकास शाखाको शिर्षक अनुसार बजेट बाँडफाँड सम्बन्धमा।
४. कृषि विकास शाखाको शिर्षक अनुसार बजेट बाँडफाँड सम्बन्धमा।
५. सम्झौता संशोधन सम्बन्धमा।

CamScanner

निर्णयहरु:

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा शुभदिपावली तथा छठ पर्वको उपलक्ष्यमा खुला पुरुष भलिबल प्रतियोगिता मिति २०८२ कार्तिक १ देखि ३ गते सम्म आयोजना गरिने निर्णय गरियो।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा मिति २०८२ साउन ६ गते गाउँपालिका र जिरी निर्माण सेवा बिच भारी वर्षा र बाढीका कारण क्षतिग्रस्त भएका पालिका भित्रका सम्पुर्ण सडकहरु मर्मत तथा सरसफाइ साथै नाली व्यवस्थापनका लागि मिति २०८२ असोज मसान्तसम्ममा काम सम्पन्न गरी सक्ने गरी सम्झोता भएकोमा; असोज र कार्तिक महिनामा गएको भिषण वर्षाले मर्मत सम्भार गरिएका सडकहरु पुन:क्षेतिग्रस्त बनाई ति सडकहरु पुन:मर्मत गर्नुपर्ने भएकाले २०८२ मंसिर १५ गते सम्म लागु हुने गरी म्याद थप गरिने निर्णय गरियो ।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा पशु सेवा शाखामा विनियोजित बजेटबाट पशु सेवा शाखाको आवश्यकता अनुसार तपिशलको शिर्षक तथा कार्यक्रममा बजेट बाँडफाँड गरिने निर्णय गरियो ।

तपिशल

| क स | शिर्षक तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | २,५०,०००।- | |
| २ | औषधी तथा सामाग्री खरिद | ७,००,००० ।- | |
| ३ | खोपको लागि लजिस्टिक खरिद तथा व्यवस्थापन | ५०,००० ।- | |

४. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा कृषि सेवा शाखामा विनियोजित १० लाख बजेटबाट कृषि सेवा शाखामा आवश्यकता अनुसार तपशिलको शिर्षक तथा कार्यक्रममा बजेट बाँडफाँड गरिने निर्णय गरियो ।

तपशिल

| क स | योजना तथा कार्यक्रम | विनियोजित गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | सिजन अनुसारको तरकारी विउविजन खरिद (टमाटर,प्याज,फर्सी,काँक्रो, करेला,सिमी प्रजाती, बर्खे तरकारी..........) | ५,००,०००।- | |
| २ | सिताके च्याउ खेती सम्बन्धि तालिम कार्यक्रम | १,००,०००।- | कन्या च्याउ उत्पादन पालिकालाइ आत्मानिर्भर बनाउन |
| ३ | बागवानी बाली जस्तै किवी चिया ग्याफ्टिङ सम्बन्धि स्थलगत तालिम | १,००,०००।- | बालीको उत्पादन बढाउन |
| ४ | फलफूल तथा तरकारी बालीको रोग किरा व्यवस्थापन ट्र्याप, भिटामिन, जैविक विषादी | २,००,०००।- | सुन्तला बगान साथै अन्य फलफूल बगान व्यवस्थापन गर्न |
| ५ | कृषि बजार व्यवस्थापन कार्यक्रम | १,००,०००।- | |

CamScanner